# मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१:** नेपालगन्ज उप–महानगरपालिकाबाट नगरउपप्रमुख ज्यूको संयोजकत्वमा धरान उपमहानगरपालिकामा सञ्चालित Waste Energy Project को अवलोकन गरी तहाँ भएको सो कार्यबाट फोहरको Segregation मार्फत फोहरको मात्रा घट्न गई Landfill Site को आयु बढ्न जाने, उत्पादन हुने फोहोरमैलालाई उचित रुपमा ब्यवस्थापन गर्नसहज हुने देखिएकोले धरान उपमहानगरपालिकामा सो कार्य क्षेत्रभित्रको लागि Venture Waste to Energy pvt.Ltd, Kathmandu ले सो कार्य गरेको देखियो । यस कार्यालयमा समेत सोही बमोजिमको कार्यका लागि Venture Waste to Energy pvt.Ltd, Kathmandu पेश गरेको PPP(Public Private Patnership) Model अन्तर्गत DBFOOT(Design, Build, Operate, Own and Transfer) मार्फत कार्यान्वय गर्नका लागि सम्झौता गर्ने, साथै सो आयोजना अवलोकन गर्न ईच्छुक भएमा वातावरण तथा विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु पठाउने निर्णय गरियो ।

**निर्णय नं.२:** नेपालगञ्ज उपमहानगरपालिका वडा न.६ स्थित सार्वजनिक जग्गामा अन्तराष्टिय क्रिकेट रंगशाला, कर्वला, मिर्चवा तेल पुजन तथा ६ न. वडा कार्यालय भवन निर्माण सम्वन्धमा सम्वन्धि मिति २०७८ माघ २६ गते नेपालगञ्ज उपमहानगरपालिका, नगरकार्यपालिकाको बसेको बैठकको निर्णय न. २१ बमोजिम सो कार्यका लागि कार्ययोजना सहितका सम्पूर्ण कागजात तयार गरी सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौंमा नगर उपप्रमुख ज्यूको संयोजकत्वमा आवश्यकता बमोजिमका पदाधिकारीहरु र सम्वन्धित सरोकारवालाहरुको समिति/संघसंस्थाका पदाधिकारीहरु समेतको संयुक्त टोली डेलिगेशनमा पठाउने र सो को सम्पूर्ण खर्च नेपालगञ्ज उपमहानगरापालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** नेपालगञ्ज उपमहानगरपालिकाको नवौं नगरसभाको निर्णय न.६ मा यस नेपालगञ्ज उपमहानगरपालिकामा लामो समयदेखि दैनिक डोरहाजिरी भरी कामकाज गरिरहेका व्यक्तिहरु मध्ये कम्तिमा २(दुई) वर्ष डोरहाजिरीबाट ज्यालादारीमा काम गरिसकेका जनशक्तीहरुको हकमा साविककै आर्थिक सेवा सुविधा रहने गरी करार सम्झौता गर्न र आवश्यकतानुसार कामकाजमा लगाउने गरी करार दरवन्दी स्वीकृत गर्ने निर्णय भएकोमा सो को हालसम्म कार्यान्वयन नभएकोले सम्वन्धित शाखाबाट ईमान्दार र २(दुई) बर्ष काम गरिसकेका ज्यालादारी कर्मचारीहरुको विवरण सहितको सिफारिश माग गरी स्वीकृत दरवन्दी बमोजिम अविलम्व करार गरी कामकाजमा लगाउन कार्यालयलाई निर्देशन दिने साथै, सवै वडा कार्यालयहरुमा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको समेत विवरण माग गरी O&M समितिबाट दरवन्दी मिलान तथा व्यवस्थापन सम्वन्धमा प्रस्ताव तयार गरी नगरकार्यपालिकामा पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** श्री मंगल प्रसाद कलेज सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा देहाय बमोजिमको निर्णय गरियो :-

# मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

क) कलेजको सञ्चालक समितिले नियुक्त गरेको क्याम्पस प्रमुख, डा.रविन्द्र कर्णको नियुक्ती अनुमोदन गर्ने,

ख) यस नेपालगञ्ज उपमहानगरपालिकाले स्थापना गरी सञ्चालनमा रहेको श्री मंगल प्रसाद कलेज सञ्चालन, विकास र प्रवद्धनका लागि आवश्यक खर्च यस उपमहानगरपालिकाबाट व्यवस्थापन गर्ने,

ग)कलेज सञ्चालन र विस्तार गर्ने क्रममा प्रशासकीय दायित्व उपमहानगरपालिकाले नियुक्त गरेको सञ्चालक समितिको रहनेछ र समितिले महत्वपूर्ण निर्णय गर्दा नेपालगञ्ज उपमहानगरपालिकासँग अनिवार्य समन्वय गरी अनुमति लिनुपर्ने,

घ) कलेजलाई पूर्वाञ्चल विश्वविद्यालयसँग अनुमति लिनका लागि आवश्यक पर्ने रकम विश्वविद्यालयको खातामा जम्मा गर्ने,

ङ) सञ्चालक समितिमा शिक्षाविद्को रुपमा डा.जनार्दन आचार्य (स्थायी ठेगाना : नेपालगञ्ज-१०, बाँके) लाई मनोनयन गर्ने ।

च) यस उपमहानगरपालिकाले यस आ.व.मा कलेजलाई विनियोजन गरेको सम्पूर्ण रकम उक्त विद्यालयको खातामा निकासा दिने ।

**निर्णय नं.५ :** नेपालगञ्ज उपमहानगरपालिकाको वडाहरु मध्ये आफ्नो भवनबाट सेवाप्रवाह गरीरहेका वडाकार्यालयहरुको सुरक्षा व्यवस्थाको लागि सम्वन्धित वडा कार्यालयहरुबाट सिफारिश भई आएको आधारमा २०७९ साल बैशाख महिना देखि लागुहुने गरी रात्रिकालिन (बेलुका ६ बजेदेखि विहान ६ बजेसम्म) समयमा काम गरेवापत मासिक रु.१०,०००। (अक्षरुपी दशहजार मात्र ।) प्रत्येक वडामा यस उपमहानगरपालिकाबाट भुक्तानी हुने गरी कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** यस नेपालगंज उपमहानगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत संघ समपूरक अनुदान तर्फको कार्यक्रमको ठेक्का नं. NSMC/NCB/W05/2078-79 Road Construction Work at Various Places of Nepalgunj (Package 1)कार्य अन्तरगत १८ नं. वडा कार्यालयको प.सं. २०७८।७९, च.नं.५०८८, मिति २०७८।११।२० गतेको योजना संशोधन बिषयक प्राप्त पत्र बमोजिम वडा नं. १८ मा रहेका सघींय समपूरक बजेट बाट ३ वटा सडकको ठेक्का भएको हाल उक्त ३ वटा सडक मध्ये १ वटा सडक यातायात पूर्व गोर्खा साइकल स्टोर हुदै जाने सडक शहरी बिकास मन्त्रालयबाट सोहि सडकमा योजना परेको हुँदा सो को ठाँउमा नेपालगंज वडा नं. १८ ट्राभल भिलेज सिद्धार्थ टोलमा नवराज थापाको घर देखि ज्ञान बहादुर घर्तिको घर हुँदै पूर्व विर बहादुर रानाको घर सम्म सडक निर्माण गर्नको लागि सिफारिस साथ अनुरोध भएको हुँदा ठेक्का नं. NSMC/NCB/W05/2078-79 को वडा नं. १८ अन्तरगत यातायात कार्यालयको पूर्व तिरको बाटो निर्माण नगरी वडाको सिफारिस बमोजिमको नेपालगंज वडा नं. १८ ट्राभल भिलेज सिद्धार्थ टोलमा नवराज थापाको घर देखि ज्ञान बहादुर

# मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

घर्तिको घर हुँदै पूर्व विर बहादुर रानाको घर सम्म सडक निर्माण गर्ने र संघ समपूरक अनुदान अन्तरगत नेपालगंज उपमहानगरपालिकाकाठेक्का नं. NSMC/NCB/W05/2078-79 Road Construction Work at Various Places of Nepalgunj (Package 1)कार्यको लागी वडामा बजेट बाडफाड भएको बजेट बमोजिमको लागत अनुमान तयार भएको र उक्त बजेट अनुसार केही बाटोहरुको लम्बाई पुरा नभएको खण्डमा उक्त पूरा नभएको बाटोहरु सम्पन्न गर्नका लागी ठेक्का सम्झौता भई बचेको रकमबाट खर्च हुनेगरी (VO)भेरिएसन आदेश गरी अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.७ :** जमुनाहा-कोहलपुर खण्डको सडक विस्तारको क्रममा हाल विभिन्न स्थानमा निर्माण भएका भौतिक संरचनाहरुमा हाल चिन्ह लगाउने मात्र कार्य गरी भत्काउने कार्य स्थानीय निर्वाचन पश्चात मात्र गर्न र नेपालगञ्ज उपमहानगरपालिकाबाट निर्माण भएको अत्यावश्यक सेवा अन्तर्गतको सार्वजनिक शौचालयहरुको हकमा ठेक्का सम्झौताभई कार्यशुरुवात हुनेक्रममा मात्र भत्काउने गरी सडक डिभिजन कार्यालय नेपालगञ्ज र जिल्ला प्रशासन कार्यालय, बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** नेपालगंज उप-महानगरपालिकाको नगरशिक्षा समितिको खातामा रहेको रकम मध्येबाट देहाय बमोजिम खर्च गर्ने निर्णय गरियो :

क) श्री नेपालगञ्ज कन्या मा.वि.नेपालगञ्ज-४, बाँकेबाट माग भएबमोजिम लाई +2 मा कानुन संकाय संचालनका लागि रु.३,००,०००। (अक्षरुपी तीनलाख मात्र ।) र एकजनालाई चौकिदार र सरसफाईसमेत गर्नेगरी मासिक रु.१२,०००। (अक्षरुपी बाह्हजार मात्र ।) पाउने गरी रकम उपलब्ध गराउने,

ख) श्री युद्ध संस्कृत मा.वि.-१०, बाँकेलाई माग भएबमोजिम एक थान समरसेल जडानका लागि आवश्यक हुने खर्च रकम उपलब्ध गराउने ।

**निर्णय नं.९ :** नेपालगंज उप-महानगरपालिकामा विभिन्न संघसंस्थाहरुबाट आर्थिक सहयोग माग भई आएकोले देहाय बमोजिम उपलब्ध गराउने निर्णय गरियो :-

क) चेतनानगर टोल विकास समिति, नेपालगञ्ज-१०, बाँकेलाई श्रीमद्भागवत सप्ताह सत्संग धर्म जागरण ज्ञान महोत्सवको लागि रु.२५,०००। (अक्षरुपी पचीस हजार मात्र ।)

ख) श्यामानन्द कला तथा संस्कृति प्रतिष्ठान नेपाल, नेपालगञ्जलाई वृहत कला प्रदशनीका लागि रु. ११,०००।(अक्षरुपी एघार हजार मात्र ।)

ग) सामुदायिक रेडियो प्रसारक संघ, नेपाललाई बार्षिक साधारण सभा एवं राष्ट्रिय सम्मेलन आयोजनाको लागि रु.५१,०००। (अक्षरुपी एकाउन्न हजार मात्र ।)

घ) अखिल नेपाल राष्टिय स्वतन्त्र विद्यार्थी युनियन, जिल्ला कमिटि बाँकेलाई शुभकामना आदानप्रदान कार्यक्रमका लागि रु.५,०००। (अक्षरुपी पाँच हजार मात्र ।)

# मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

च) केन्द्रिय मोहर्रम पर्व तथा कर्वला व्यवस्थापन समिति, केन्द्रिय कार्यालय नेपालगञ्जलाई क्यालेण्डरमा विज्ञापनका लागि रु.५,०००। (अक्षरुपी पाँच हजार मात्र ।)

छ) नेपालगञ्ज उपमहानगरपालिका, १२ न. वडा कार्यालयलाई बालमैत्री घोषणा कार्यक्रमका लागि रु.२५,०००।(अक्षरुपी पचीस हजार मात्र ।)

ज) अखिल नेपाल युवक संघ, केन्द्रिय समितिलाई रु.५,०००। (अक्षरुपी पाँच हजार मात्र ।)

झ) जिल्ला ट्राफिक प्रहरी कार्यालय कोहलपुर, बाँकेको च.न.१०६८ मिति २०७८।११।०९ गतेको पत्र बमोजिम ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटनाको लागि कार्यालयलाई आवश्यक पर्ने उपकरणहरु माग भई आएको सम्वन्धमा सो उपकरणहरु रु.१,००,०००। ( अक्षरुपी एकलाख मात्र ।) बरावरको खरिद गरि उपलब्ध गराउने,

निर्णय नं.१० : भेरी साहित्य समाज, केन्द्रिय समिति नेपालगञ्जलाई नेपालगञ्ज वृहत साहित्य सम्मेलन तथा सांस्कृतिक महोत्सव २०७८ आयोजनाको लागि रु.१,५०,०००। (अक्षरुपी एक लाख पचास हजार मात्र ।) सम्वन्धित शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११ : नेपालगंज उप-महानगरपालिकाले दिगो विकास लक्ष्य स्थानीयकरण गर्ने सम्वन्धमा देहाय बमोजिम निर्णय गरियो :

क) यस उपमहानगरपालिकाले सवै सरोकारपक्षका प्रतिनिधिहरुसँग घनिभुत छलफल गरी तयार गरेको दिगो विकास लक्ष्यहरुको स्थानीयकरण रणनीति २०७८ लाई यस नगरकार्यपालिका बैठकले सैद्धान्तिकरुपमा स्विकार गर्दै आगामी आ.व.२०७९/८० देखिको बार्षिक बजेट कार्यक्रमहरु तर्जुमा गर्दा थप प्रभावकारीरुपमा यि रणनीति र लक्ष्यहरु आन्तरिकरण गरी कार्यान्वयनको व्यवस्था मिलाईनेछ,

ख) यस नेपालगञ्ज उपमहानगरपालिकाले आगामि दिनमा आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माण गर्दा दिगो विकास लक्ष्यहरुको स्थानीयकरण रणनीति २०७८ लाई विशेष आधार बनाईनेछ,

ग) दिगो विकास लक्ष्यहरुको थप प्रभावकारीरुपमा स्थानीयकरण गर्न आवश्यक गृहकार्यमा अथक मेहनत गर्ने कार्यदल, सहजिकरणका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने सिडिएसजी/जिआईजेड लाई हार्दिक धन्यवाद दिने ।

निर्णय नं.१२ : नेपालगंज उप-महानगरपालिकाको चालु आ.व.को दोश्रो चौमासिक सम्मको आम्दानी तथा खर्चको विवरण पेश भई छलफल गरियो ।

## मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१३ :** यस उपमहानगरपालिकालाई आवश्यक तपशिल बमोजिमका कानूनहरु तत्काल निर्माण/संशोधन गर्नका लागि विधेयक समितिलाई निर्देशन दिने निर्णय गरियो :-

क) मर्मतसंभार कोष सञ्चालन कार्यविधि

ख) खर्चको मापदण्ड

ग) कर्मचारीहरुको लागि पर्यटन काज सम्वन्धि कार्यविधि

घ) नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली (दोश्रो संशोधन)

**निर्णय नं.१४ :**यस उपमहानगरपालिकाका नगरप्रमुख ज्यूको तत्कालिन स्वकीय सचिव श्री दिपक श्रेष्ठको यस कार्यालयमा कार्यरत रहदा आकस्मिक निधन भएको र निजको औषधोपचार र काजक्रियावापतको खर्च नगरप्रहरी पवन कुमार कनोजियाले पेश्किस्वरुप लिएको रु.१,५०,०००। (अक्षरुपी एकलाख पचास हजार मात्र ।) आर्थिक सहायता शिर्षकबाट खर्चहुने गरी पेश्कि फर्च्यौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.४ स्थित बसपार्कमा रहेका प्रायः सटरहरु खालि रहेको र उप–महानगरपालिकाबाट विभिन्न समयमा पटक/पटक भाडामा दिनको लागि सूचना प्रकाशन गरिएता पनि सटरहरु भाडामा नगएकोले सटरहरु खालि रहनु भन्दा यस अघि सूचनामा उल्लेख गरिएको न्यूनतम भाडादर भन्दा बढि कवोल गरि यस उप–महानगरपालिकामा जसले अगाडी निवेदन पेश गर्छ साविककै सूचनामा उल्लेखित धरौटी रकम जम्मा गर्न लगाई सम्झौता गरि सटर उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं. १० गोसाई गाउँमा बनेको ९ वटा सटरहरु मध्ये ५ वटा सटरहरु भाडामा गएको भएता पनि उप–महानगरपालिकाले हालसम्म विजुली र पानीको ब्यवस्था गरि नसकोकोले विजुली र पानीको ब्यस्था उप–महानगरपालिकाले तत्काल गरिदिने र विजुली र पानिको ब्यवस्था नभए सम्मको लागि भाडा रकम छुट गर्ने र विजुली/पानिको ब्यवस्था भए लगत्तै बाँकी रहेका सटरहरुको भाडामा दिनको लागि साविककै न्यूनतम दरमा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रमा रहेको अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट उत्पादन हुने स्वास्थ्यजन्य फोहोरमैलालाई उचित ब्यवस्थापनको लागि सेवा शूल्क निर्धारण समितिबाट तपसिल बमोजिमको दररेट पेश भएकोमा उक्त सेवा शूल्क(दर रेट) स्वीकृत गर्ने निर्णय गरियो । साथै स्वास्थ्यजन्य फोहोरमैला ब्यवस्थापनका निमित्त वडा नं.२३ मा रहेको Sanitary landfill side भित्र निर्माण गरिएको CFT(central treatment facility) वार्षिक रुपमा कम्तीमा

१,५०,०००।–(अक्षेरुपी एक लाख पचास हजार) तथा १० वर्षको अवधि हुने गरि संचालनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिलः–

क) संक्रमित फोहोर(Infectious Waste) : रु.३१ प्रति के.जी.

ख) निर्मलिकरण गरिएको फोहोर(Treated Waste) : रु.२१ प्रति के.जी.

ग) साधारण फोहोर (general Waste) : रु.७ प्रति के.जी.

**निर्णय नं.१८ :** २० न. वडा कार्यालयको च.न.२३०८ मिति २०७८।११।२२ गतेको पत्रानुसार सो वडामा हाल फोहरमैला व्यवस्थापनको जिम्मेवारी पाएको नेपाल उत्पिडित संस्थाले सो कार्य प्रभावकारीरुपले कार्य नगरेकोले सम्झौता रद्ध गरि सो कार्य सम्वन्धित वडाबाट नै गर्ने सिफारिश भई आएकोले माग भएवमोजिम नै उक्त संस्था सँगको सम्झौता रद्ध गरी अर्को व्यवस्था नभए सम्मको लागि आफ्नो वडाको फोहरमैला व्यवस्थापन सम्वन्धित वडावाट नै गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** यस उपमहानगरपालिकाको वातावरण तथा सरसफाई शाखाबाट पेश भएको नेपालगञ्ज उपमहानगरपालिकाको शहरी सरसफाई योजना, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२० :** सम्मानीत उच्च अदालत सुर्खेतमा चलिरहेको गौवधमुद्धाका सम्वन्धमा यस उपमहानगरपालिकाले पूर्णरुपमा जिम्मा लिई उक्त कार्यमा भएको खर्चसमेत व्यहोरी आएको सम्वन्धमा सम्वन्धित कर्मचारीहरु समय समयमा सुर्खेत जानुपर्ने भएकाले उक्त कार्यका लागि लाग्ने खर्चहरुको विल, भरपाई संलग्न गरी पेश्कि फच्र्यौट गर्नेगरी हाललाई विभिन्न कर्मचारीहरुको नाममा पेशिकस्वरुप रु.१०,००,०००। (अक्षरुपी दश लाख मात्र ।) आकष्मिक कार्य शिर्षकबाट भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२१ :** जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका वडा न.२ बस्ने बेलमती तमोलीले मिति २०७८।११।११ गतेका दिन यस नेपालगञ्ज उपमहानगरपालिका कार्यालयमा जग्गाको क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनि दिएको निवेदनका उपर कानुन शाखाबाट राय माग गरिएको सम्वन्धमा श्री सम्मानित सर्वोच्च अदालतमा जग्गा खिचौला मेटाई घर पर्खाल भत्काई पाऊँ भनि दिईएको मुद्धाका उपर मिति २०७१ साल माघ २७ गते खिचौला ठहर नभएको निजको कि.न.४२४ को जग्गा सडक एरिया भित्र परेको भनि उल्लेख भएको हुँदा उक्त कानुनी रायको आधारमा निजलाई पर्न गएको क्षतिका सम्वन्धमा छलफल भई सो को प्राविधिक शाखाबाट उक्त जग्गाको मूल्यांकन प्रतिवेदन माग गर्ने निर्णय गरियो ।

# मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.२२** : आ.व.२०७८।७९ को लागि यस उपमहानगरपालिकाबाट सञ्चालन हुने खेलकुदका कार्यक्रमहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्न यस बाँके जिल्लामा रहेका खेलकुदका विभिन्न विधाका विशिष्टिकृत संगठन/संस्थाहरुलाई सम्वन्धित संस्थाको प्राविधिक ज्ञान, सिप र अनुभवलाई प्रयोग गर्ने गरि संचालन तथा व्यवस्थापनको जिम्मा तपशिल अनुसारका खेलकुदका संगठनलाई दिने निर्णय गरियो : -

| क.स. | कार्यक्रम | कार्यक्रम संचालनको जिम्मा दिईने संस्था | रकम रु. |
|---|---|---|---|
| १ | मेयरकप शारीरिक सुगठन प्रतियोगिता (महिला पुरुष) | बाँके जिल्ला शारीरिक सुगठन तथा फिटनेश संघ, बाँके | रु.३,७५,०००। |
| २ | दुष्टिविहिन क्रिकेट प्रतियोगिता | बाँके नेत्रहिन संघ, बाँके | रु.१,००,०००। |
| ३ | प्रधानमन्त्रिकप महिला भलिवल प्रतियोगिता | क्रियटिभगञ्ज मिडिया एण्ड इभेण्ट म्यानेजमेण्ट/बाँके जिल्ला भलिवल संघ | रु.५,००,०००। |
| ४ | छात्रछात्रा जुनियर व्याडमिण्टन प्रतियोगिता | बाँके जिल्ला व्याडमिण्टन संघ, बाँके | रु.३,००,०००। |

**निर्णय न.२३** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम यस उपमहानगरपालिकाको विधेयक समितिबाट पेश भएका देहाय वमोजिमका कानुनहरु छलफल भई स्वीकृत गर्ने निर्णय गरियो :-

क) नेपालगञ्ज उपमहानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण नीति, २०७८

ख) नेपालगञ्ज उपमहानगरपालिकाको मानव मलमूत्रजन्य फोहर व्यवस्थापन नियमावली, २०७८

ग) नेपालगञ्ज उपमहानगरपालिकाको ज्येष्ठ नागरिक क्लव तथा सञ्जाल गठन सम्वन्धि कार्यविधि, २०७८

घ) नेपालगञ्ज उपमहानगरपालिकाको लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल गठन तथा परिचालन सम्वन्धि कार्यविधि, २०७८

ङ) नेपालगञ्ज उपमहानगरपालिकाको लैङ्गिक समानता नीति तथा कार्यान्वयन कार्यविधि, २०७८

च) नेपालगञ्ज उपमहानगरपालिकाको नगरस्तरमा सञ्चालन रहेका मनोरञ्जन तथा सत्कार सेवाक्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रमसम्वन्धि न्यूनतम मापदण्ड र अनुगमन निर्देशिका, २०७८

छ) नेपालगञ्ज उपमहानगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

## मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

निर्णय न.२४: यस नेपालगंज उपमहानगरपालिकाको स्थानीय भित्री पि.सि.सि. सडकहरुमा मालवाहक हेभी सवारी साधनहरु आवतजावत गर्दा उक्त सडकहरु बिग्रने भएकाले स्थानीयको माग भई आएमा ७ टन सम्म भार भएका सवारी साधन चल्न सक्ने गरी सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को अनुसुची ६३ को १(ज) बमोजिमको ट्राफिक कार्यालयको समन्वयमा ट्राफिक चिन्ह राख्ने र सो भन्दा माथीको भार भएका सवारी साधन चलाई सडक विग्रेकोभत्केको खण्डमा बिग्रेको भत्केको खण्डको मुल्याङ्कन गरी सवारी साधन धनी बाट असुल उपर गराउने र पि.सि.सि तथा अन्य सडकहरुमा मालबाहक तथा अन्य सवारी साधनहरु अब्यवस्थित तरिकाले चलाई बाटो, नाली तथा अन्य सार्बजनिक संरचना बिग्रन भत्कन गएमा बिग्रे भत्केको बाटो, नाली तथा अन्य सार्बजनिक संरचनाको मुल्याङ्कन गरीसवारी साधन धनीबाट असुल उपर गराई मर्मत गर्ने निर्णय गरियो ।

निर्णय न.२५: यस नेपालगंज उपमहानगरपालिकाको ठेक्का नं. NSMC/NCB/W01/2078-79(नगर भवनको परिसरभित्र ब्यापारिक भवन निर्माण र फायर फाईटर ग्यारेज निर्माण कार्य), ठेक्का नं. NSMC/NCB/W04/2078-79 (वागेश्वरी चिल्ड्रेन पार्क, रेष्टुरेन्ट, सटर र पार्किङ्ग निर्माण कार्य) र क्रिकेट स्टेडियम प्रस्तावित गरिएको फुलटेक्रा तालको वरिपरि बाउण्डरी वाल तथा घेरवार कार्य आ.व. २०७९।८० मा वजेट ब्यवस्थापन गरी बहुबर्षीय योजनाको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय न.२६:यस उप-महानगरपालिकाको चालु आ.व.२०७८।७९ को प्रदेश सर्शत अनुदान अन्तरगतका स्वीकृत वार्षिक कार्यक्रमहरुको बाटो निर्माण कार्यको लागी बिनियोजित बजेट बमोजिमको लागत अनुमान तयार भएको र उक्त बजेट अनुसार केही बाटोहरुको लम्बाई पुरा नभएको हुँदा उक्त पूरा नभएको बाटोहरु सम्पन्न गर्नका लागी ठेक्का सम्झौता भई बचेको रकमबाट खर्च हुनेगरी (VO)भेरिएसन आदेश गरी अगाडी बढाउने निर्णय गरियो

निर्णय न.२७: नेपालगञ्ज उपमहानगरपालिका, १० न.वडा समितिको कार्यालयको च.न.१३७४ मिति २०७८।११।११ गतेको पत्रको व्यहोरा बमोजिम वडा न.१० शितलनगरमा एडिवि ले निर्माण गरेको सडकमा पूर्वसदर लाईन देखि पश्चिमको उत्तरतर्फ गोविन्द प्रसाद ढकाल र दक्षिणतर्फ उषा शाहको घरसम्म मापदण्ड बमोजिम निर्माण कार्य भएको र सो भन्दा पश्चिम डा.खिमानन्द जोशी र हरिहर प्रसाद मौर्यको घर रहेको क्षेत्रमा सडकको मापदण्ड अनुसार सडक निर्माण कार्य हुननसकेकोले सडक मापदण्ड अनुसार बनाउन शितलनगर टोलविकास समितिको मिति २०७८।११।११ गतेको निर्णय समेत प्राप्त भएकोले सडक मापदण्ड बमोजिम

## मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

सडक निर्माण कार्यमा भईरहेका अवरोधहरुलाई हटाउन जिल्ला प्रशासन कार्यालय, बाँकेको सहयोग लिई हटाउने निर्णय गरियो ।

निर्णय न.२८: नेपालगञ्ज उपमहानगरपालिका, २ न.वडा समितिको कार्यालयको च.न.११६८ मिति २०७८।११।१६ गतेको पत्रको व्यहोरा बमोजिम वडा न.२ स्थित घरवारीटोलमा रहेको श्री नेपाल राष्टिय आधारभूत विद्यालयले प्राविधिक धारसहितको माध्यमिक विद्यालय सञ्चालन गर्न हाल रहेको विद्यालयको क्षेत्रफल अत्यन्तै कम र जोखिमयुक्त भएको हुँदा होटल सिग्नेट पछाडी रहेको खाली सरकारी जग्गा विद्यालय निर्माणका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०७८।१०।५ गतेको निर्णय र वडासमितिको मिति २०७८।१०।०७ गतेको निर्णय सहित पेश हुन आएकोले माग भएबमोजिमको स्वीकृती दिने निर्णय गरियो ।

निर्णय न.२९: नेपालगञ्ज उपमहानगरपालिका, १३ न.वडा समितिको कार्यालयको च.न.१९२४ मिति २०७८।१२।१७ गतेको पत्रको व्यहोरा बमोजिम वडा न.१३ को वडासमितिको मिति २०७८।११।१० गतेको निर्णयानुसार साविक उदयपुर गाविस वडा न.८ को कित्ता न.९४ को खानेपानी नजिकको ऐलानी प्रतिजग्गा ०-१०-० जग्गा क्रिकेट खेलमैदान बनाउनको लागि जिल्ला क्रिकेट संघ नेपालगञ्जलाई दिने भनि प्रस्ताव पेश भएबमोजिमको स्वीकृती दिने निर्णय गरियो ।

निर्णय न.३०: नेपालगञ्ज उपमहानगरपालिकाको जनप्रतिनिधि उपचारकोष समितिको मिति २०७७।०८।१२ गतेको निर्णय न.१ मा वडा न.११ का वडाअध्यक्ष श्री उज्ज्वलसिंह राठौरलाई रु.५०,०००। ( अक्षरुपी पचास हजार मात्र ।) भुक्तानी दिन सिफारिश भए बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय न.३१: नेपाल विद्युत प्राधिकरणको च.न.१३१८ मिति २०७८।११।२० गतेको सडकवत्ती वापतको महशुल सम्वन्धमा आई.डि.न.२४४५७ ग्राहक न.०२०.०२.८०५ को २०७८ फागुन महिनासम्मको बक्यौता रकम रु.८,६९,१९,८८५।२१ प्रमाणिकरण सम्वन्धमा पत्र प्राप्त भएकोले सो विषयमा यस उपमहानगरपालिकाभित्र रहेका विद्युत पोलहरुको लगत र लागत विवरण सहितको प्रतिवेदन आगामी वैठकमा पेश गर्ने गरी यस उपमहानगरपालिकाको राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय न.३२: कानुनी परामर्श केन्द्र नेपालगञ्जको मिति २०७८।१२।१० गतेको बरिष्ठ अधिवक्ता श्री भोलासिंह हमालले सम्मानित श्री उच्च अदालत सुर्खेतमा गौवध मुद्दामा तीन पटक बहस गरेवापतको रु.१,५०,०००। (अक्षरुपी एकलाख पचास हजारमात्र ।) माग भई आएको विषयमा यस उपमहानगरपालिकाका कानुनी सल्लाहकारबाट बहसदर सहित राय पेश गरेबमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

## मिति २०७८।१२।१७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

निर्णय न.३३: नेपालगञ्ज उपमहामनगरपालिकाको वडा न.६ स्थित सार्वजनिक जग्गामा निर्माण हुने मुस्लिम समुदायको कर्वला निर्माण, हिन्दु समुदायको मिर्चवा तेल पुजन तथा अन्य निर्माण र ६ न. वडा कार्यालय भवन निर्माण कार्यमा लाग्ने नक्शापास शुल्करकम निशुल्क गरिदिने निर्णय गरियो ।

निर्णय न.३४: नेपालगञ्ज उपमहानगरपालिका, २ न. वडा समितिको कार्यालयको च.न.१३२८ मिति २०७८।१२।१६ गतेको पत्र बमोजिम सो वडामा वसोवास गर्ने भंगी, भंगीनी, मेहतर, मेहतरनी र बाल्मिकी थर भएका व्यक्तिहरुलाई राज्यले अन्य काम गर्न दलित भनि सुविधा दिदै आएको भएतापनि सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राहीमा दलितको सूचिमा समावेश नभएकोले दलितमा सुचिकृत गराउने प्रकृया अगाडी बढाउनको लागि अनुरोध भएबमोजिम सम्वन्धित निकायमा सिफारिश गर्ने निर्णय गरियो ।